**नेपाल सरकार**

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०७९/८० च.नं. ६५५

मिति २०७९/०६/११

**बिषय : परिपत्र सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।

श्री स्थानीय तह, सबै ।

प्रस्तुत बिषयमा राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७९/०६/०४ च.नं. ११००००००१२ को पत्र यसै साथ संलग्न छ । सो पत्रमा उल्लेखित व्यहोरा अवगत गरी आवश्यक कार्यान्वयन गर्नु/गराउनु हुन मिति २०७९/०६/११ को निर्णयानुसार अनुरोध छ ।

मिरा आचार्य

उपसचिव

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखाः **वेवसाइटमा अपलोड गर्नुहुन** ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

श्री क.५.५

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
( सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. : ४२००३३९, ४२००३४२, ४२००४१२,
हटलाइन : ४२००३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवसाइट : www.nvc.gov.np
सिंहदरबार, काठमाडौं

२०५९ राष्ट्रिय सतर्कता केन्द्र सिंहदरबार, काठमाडौं

प.सं. २०७९।०८०

| च.नं. : | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | २ |
|---|---|---|---|---|---|---|---|---|---|---|

**अत्यन्त जरुरी**

क.प्र.म. ४६८ ६।७

मिति : २०७९/०६/०४

सङ्घीय मामिला तथा सामान्य प्रशासन म.......
दर्ता नं.:- ९२६९
दर्ता मिति:- ६।६

**बिषय : परिपत्र गरिदिने सम्बन्धमा ।**

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार, काठमाडौ ।**

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ तथा प्रचलित अन्य कानुनले सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा जनप्रतिनिधिहरुले प्रत्येक आर्थिक बर्ष भुक्तान भएको मितिले ६० दिन भित्र आफ्नो सम्पत्ति विवरण नेपाल राजपत्रको खण्ड ६८ अतिरिक्ताङ्क ११ मिति २०७५ असार २० गते प्रकाशित सूचनामा तोकिएको निकायमा बुझाइ यस केन्द्रलाई जानकारी दिनु पर्ने व्यवस्था बमोजिम कतिपय स्थानीय तहहरुले आर्थिक बर्ष समाप्त भएको ६० दिन भित्र बुझाउनु पर्ने सम्पत्ति विवरण यस केन्द्रको Web Portal मा प्रविष्ट गर्नु पर्नेमा अपुरो, कम संख्यामा प्रविष्ट गरेको देखिएकोले कानुन अनुसारको जरिवाना तिर्नु पर्ने अवस्था रहे/नरहेको निम्न विषयमा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा जिल्ला समन्वय अधिकारीहरुलाई ध्यानाकर्षण गरिदिने व्यवस्थाको लागी मिति २०७९।०६।०४ गतेको निर्णयानुसार अनुरोध छ ।

**निम्न**

| १ | २ | ३ | ४ (२-३) | ५ | ६ (३-५) |
|---|---|---|---|---|---|
| क.स. | कुल जनप्रतिनिधि र कर्मचारी संख्या ( कार्यपालिका सदस्य समेत) | समयमा नै सम्पत्ति विवरण बुझाउनेको संख्या | नबुझाउनेको संख्या | सर्तकता केन्द्रको Web Portal मा प्रविष्ट संख्या | फरक |
| | *कुल संख्या प्रविष्ट गर्नुपर्ने* | *नाम नामेसि प्रविष्ट गर्नुपर्ने* | *नाम नामेसि प्रविष्ट गर्नुपर्ने* | *यकिन गर्ने* | *विवरण मिलाउनु पर्ने* |

**ध्यान दिनु पर्ने बुदाँहरु:–**

१) जनप्रतिनिधि, कर्मचारीहरुको कुल संख्या र यस केन्द्रको Web Portal मा प्रविष्ट संख्या भिडान भए नभएको ।
२) समयमा दर्ता हुन आएको सम्पत्ति विवरणहरु वा दर्ता नभएको कर्मचारी वा जनप्रतिनिधिहरुको नाम नामेसि सहितको विवरण Web Portal मा प्रविष्ट भए नभएको ।
३) उक्तानुसारका विवरण प्रविष्ट गर्ने गराउने कार्य मिति २०७९ असोज मसान्त भित्र गरिसक्ने विषय ।
४) प्रस्तुत पत्रका सम्बन्धमा कर्मचारी भन्नाले निजामती र स्थायी शिक्षक वाहेकका स्थानीय कोषबाट तलव भत्ता भुक्तान हुने सबै कर्मचारी हुन ।
५) सम्पत्ति विवरण बुझाएर पनि Web Portal मा प्रविष्ट नगर्दा प्रचलित कानुन बमोजिम जरिवाना समेत हुन सक्ने तर्फ सचेत रहने ।

२०७९।०६।०५

२०७९।६।४
(राजेन्द्र कार्की)
शाखा अधिकृत

**सम्पत्ति विवरण समय मै बुझाऔं दण्ड जरिवानावाट बचौं ।**